हरेक खबर, विशेष खबर

जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७

राष्ट्रिय दैनिक

# लहानपोस्ट

LAHANPOST DAILY



लेख, रचना, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्।

लहानपोस्ट दैनिकको कार्यालय
लहान न.पा.-१०, ग्रामीण चौक
फोन नं.: ०३३-५६१९६७, ९८५२८२४९६७, ९८५२८३९३१५, ९८०२३१९१९२, ९८०२३१९१९३



बर्ष : ०१ अंक : ४४ पृष्ठ : ४ २०७७ भदौ १२ गते शुक्रबार (Friday 28 August 2020) www.lahanpost.com मूल्य रु. ५।-

FOLLOW US facebook: lahanpost YouTube : lahanpost twitter : lahanpost instragram : lahanpost


# सिरहामा कोरोनाबाट थप एकको मृत्यु

## मृत्यु हुनेको संख्या ५ पुग्यो

**लहान ।** कोरोना संक्रमणबाट बिहीबार थप एक जनाको मृत्यु भएको छ । धरानस्थित बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानको कोभिड अस्पतालमा उपचाररत सिरहा जिल्लाका ५५ वर्षीय पुरूषको बिहीबार साँझ मृत्यु भएको छ । प्रतिष्ठानका प्रवक्ता प्राडा निदेश सापकोटाकाअनुसार अत्यधिक खोकी, ज्वरो र स्वासप्रश्वासमा समस्या आएपछि भदौ ६ गते ती पुरुष उपचारका लागि प्रतिष्ठान आएका थिए ।

उनलाई सुरूमा मेडिसिन वार्डमा भर्ना गरिएको थियो भने भदौ ७ गते पीसीआर जाँचको रिपोर्ट कोरोना पोजिटिभ आएपछि कोभिड आस्पतालमा भर्ना गरिएको थियो । कोभिड अस्पतालको आईसीयुमा अक्सिजन दिएर उपचार गर्दागर्दै मृत्यु भएको प्रवक्ता सापकोटाले बताए । मृतकले १८ महिनादेखि उच्च रक्तचापको औषधि सेवन गर्दै आएको र २० वर्षअघि क्षयरोग भएको प्रतिष्ठानले जनाएको छ । तर जिल्ला स्वास्थ्य कार्यालय सिरहाका प्रमुख कृष्णदेव यादवले मृतकको ठेगाना पहिचान भइनसकेको जानकारी दिए । योसँगै सिरहामा कोरोना संक्रमणबाट मृत्यु हुनेको संख्या पाँच पुगेको छ ।

यसअघि लहान नगरपालिका-२४ गोविन्दपुर गाउँका एक युवकको कोरोना भाइरस (कोभिड-१९) को संक्रमणबाट मृत्यु पुष्टि भएको थियो । भदौं २ गते उनी विरामी हुँदा उपचारका लागि धरान स्थित विपि कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान लगिएको थियो । सोमबार उनको मृत्यु भएको थियो ।

उपचार गराउन धरान पुग्दा उनको पीसीआर जाँचको लागि स्वाब लिइएको थियो । सोमबार रिर्पाट पोजेटिभ आयो । त्यहीदिन उनको मृत्यु भएको छ । मृतक युवक मुटुको विरामी

बाँकी ३ पेजमा

## कोरोनाबाट पहिलो मृतक गौरीपुरका २३ वर्षीय युवकका परिवार भन्छन्, 'पीडामाथि थप पीडा'

*घरकैं काममा व्यस्त रहेका गोलबजार नगरपालिका-१२ हरिपुरका २३ वर्षीय मृतक युवकका दाजु गणेशको घरको मोबाइलमा गत साउन २१ गते बुधबार दिउँसो १ बजे जनकपुरबाट खबर आयो तपाईहरु जनकपुर आउनुपर्छ । गोलबजारबाट एम्बुलेन्स घर पुग्यो तर ४ वर्षदेखि मृगौलाका बिरामी २३ वर्षीय भाईलाई मात्र लिएर जनकपुर गयो ।*

*गणेश, उनका बुबा ५४ वर्षीय उत्तिमलाल, आमा कौशिल्यादेवी, गणेशका पत्नी सुनिता, काकाका छोरा विपिन र सानीमाको छोरा दिपेशलाई त्यहीदिनदेखि गोलबजार क्याम्पसस्थित छुट्टै क्वारेन्टाइनमा राखियो । गणेशका अनुसार भाईको उपचारमा विपिन र दिपेश गइरहन्थे । भाईलाई उपचारका लागि धरान लगेको क्वारेन्टाइनमैं थाहा पाएका उनले भाईको मृत्यु खबर शुक्रबार बिहान क्वारेन्टाइनमैं थाहा पाए ।*

*क्वारेन्टाइनमा बसेदेखि ६ वटा ससाना पक्की घरमा ताल्चा लाग्यो । ट्रयाक्टर घर अगाडि राखिएको छ । गोठमा दुई भैसी छन् । स्याहार्ने मान्छे थिएनन् । 'एकातिर भाईको मृत्युको पीडा,' त्यत्तिखेर क्वारेन्टाइनमैं रहेका गणेशले भने, 'भाईको दाह संस्कार गर्न पाइएन, अर्को तर्फ घरमा ताल्चा लागेको छ, वस्तुभाउ भोकैं थिए ।' छरछिमेकलाई फोन गर्दा समेत वस्तुभाउको हेरचाह नगरिदिएको उनले त्यतिखेर दुःखेसो पोखे ।*

•••

*पाँच कठामात्र जग्गा जमीन रहेका उत्तिमलाल परिवारले त्यही जग्गामा तरकारी उब्जाएर र ऋण काढेर पत्नी कौशिल्या र दुई भाई छोरासहित चार जनाको परिवारको गुजारा चलाउँदै आएको थियो । गरीबिका कारण गणेशले ८ कक्षासम्म मात्र पढ्न पाए । १ लाख २० हजार ऋण काढेर गणेश वैदेशिक रोजगारीका लागि कुवेत पुगे । कुवेतमा रोजगारी गरेको पैसाले भाईलाई एसएलसीसम्म उतीर्ण गराए । १०-१२ कठा जग्गा जोडे । घर बनाए । ट्रयाक्टर किने गणेशले ।*

*भाईलाई पनि वैदेशिक रोजगारीका लागि १ लाख १० हजार रूपैयाँ तिरेर उनले कतार पठाए । १६ महिना कतारमा बसेपछि भाईको कम्पनी टुटयो । प्लम्बरको काम गर्थ्यो । त्यत्ति नै बेला भाई बिरामी पर्‍यो । गणेश पनि कुवेत मैं थिए । भाई बिरामी परेर घर फर्केको ६ महिनापछि गणेश पनि घर फर्किए ।*

*गणेश भन्छन्, 'म घर आएपछि चार वर्षअघि भाईलाई उपचारको लागि विराटनगर लाईफ*

बाँकी ३ पेजमा

# सिरहामा ३४ जना कोरोना जितेर घर फर्किए

**लहान।** समुदाय स्तरमै कोरोना भाइरस (कोभिड-१९) को संक्रमण देखिन थालेको छ। आइसोलेसन र क्वारेन्टाइन विरामीले भरिँदै छ। यसैबीच सिरहामा ३४ जनाले कोरोनाबाट निको भएर घर फर्किएका छन्।

धनगढीमाई नगरपालिका स्थित विशेष कोरोना अस्पताल छपराडी र चमावि सिरहाबाट उनीहरु डिस्चार्ज भएको जिल्ला स्वास्थ्य कार्यालय सिरहाले जनाएको छ। यसैगरि, २ जना होम आइसोलेसनमै बसेर कोरोनाबाट निको भएका छन्।

बिहीबार सुखीपुर नगरपालिका-१ स्थितका एक जना र इलाका प्रहरी कार्यालयको थुनुवा एकजनामा कोरोना संक्रमण देखा परेको छ। उनीहरूको पीसीआर रिर्पोट पोजेटिभ आएको हो। योसँगै सिरहामा सक्रिय संक्रमितको संख्या ११६ पुगेको छ। हालसम्म २६६ जनाले कोरोना जितेर घर फर्किसकेका छन् भने ५ जनाको मृत्यु भएको छ।

**प्रदेश २ मा कोरोनाबाट ९ जनाको मृत्यु**

प्रदेश २ मा बिहीबार कोरोना लागेका आठ जनाको मृत्यु भएको छ। यो समेत प्रदेशमा मृतकको संख्या ७२ पुगेको छ। पर्साको सुपौली घर भएका ६८ वर्षीय एक जना पुरूष, वीरगंज महानगरपालिका-१४ घर भएका ६२ वर्षीय एक जना पुरुष, बारा जिल्लाका विभिन्न पालिकामा घर भएका ४२, ५९, ७० र ७५ वर्षीय गरी चार जना

बाँकी ४ पेजमा

# सिरहामा 'फुड बैंक' स्थापना

**लहान।** सिरहामा जारी लकडाउनका कारण मारमा परेका विपन्न र रोजगारी गुमाएका परिवारलाई लक्षित गरि सदरमुकाम सिरहामा 'फुड बैंक' स्थापना गरिएको छ।

सिरहा युनाइट्स संस्थामा आवद्ध युवाले 'फुड बैंक' स्थापना गरि सामाजिक सञ्जाल फेसबुकमार्फत् खाद्यन्न संकलन




गरिरहेका छन्। 'चाहियो भने लिएर जानुस्, नभए दिएर जानुस' भन्ने नाराका साथ युवाले स्थापना गरेको 'फुड बैंक' बाट दैनिक १०/१२ जना सम्मले खाद्यन्नलगायत सामानले लिएर जाने गरेको सिरहा युनाइट्सका जितेश कर्णले जानकारी दिए। लकडाउन र निषेधाज्ञाका कारण मारमा परेका विपन्न र मजदुर परिवारलाई भोकै बस्नु नपरोस् भन्ने उद्देश्यले खाद्यन्न सामग्री पुर्‍याउन युवाहरुको सक्रियतामा 'फुड बैंक' स्थापना गरिएको कर्णले जानकारी दिए।


भित्री पृष्ठमा

हाम्रो अन्तिम लडाई पेज २ मा

कोरोना, प्रशासन र जनता पेज ३ मा

स्थानीय तह : प्रविधिमा आधारित शिक्षा
स्तम्भ : पालिका बहस पेज ४ मा



सुवर्ण अवसर ! सुवर्ण अवसर !! सुवर्ण अवसर !!!



हिमालय सुगर मिल्सको ई. डी. सरेश सर्राफ, महाप्रबन्धक टे. सत्य नारायण कुशवाहा तथा महाप्रबन्धक उखु प्रशासन अवध किशोर यादव साथमा उखु विभागका जिल्लाभरीको फिल्ड स्टाफ जे.टि.ए.उखु विकास अधिकृतहरुको उपस्थितिमा भदौ, असोज र कार्तिकमा उखु खेतीबारे छलफल तथा यस वर्षको लागि उखु रोपाइँको सिजन गर्नुपर्ने भएकोले आ-आफ्नो खेतीयोग्य जग्गालाई राष्ट्र तथा आफ्नो विकासमा लगाई सुवर्ण अवसरलाई सदुपयोग गर्नु हुनका लागि सम्पूर्ण कृषक महानुभावहरुमा अनुरोध छ ।



हार्दिक शुभकामना

सिरहाको लहानबाट **"लहान पोस्ट"** राष्ट्रिय दैनिक पत्रिका र 'www.lahanpost.com' प्रकाशनमा आएको हुँदा यस पत्रिकाको उत्तरोत्तर प्रगतिको कामना गर्दै शुभकामना व्यक्त गर्दछु ।



**विकास सारडा**
अध्यक्ष, जिल्ला सुनचाँदी व्यवसायी संघ, सिरहा
कोषाध्यक्ष, जिल्ला उद्योग वाणिज्य संघ सिरहा, लहान

# सम्पादकीय

## लकडाउनमा विपन्न परिवारका बारेमा पनि सोचौं

देशका अधिकांश मानिसहरू घरभित्र अर्थात घर वरपरको चौघेरामा मात्र सीमित हुनुपर्ने स्थिती छ । संघीय सरकारले मात्र होइन कोरोना भाइरसको जोखिम नियन्त्रण गर्न स्थानीय सरकारले आफ्ना मातहतका पालिकामा लकडाउनको अवधि लम्ब्याउँदै लगेका छन् । तर स्थानीय तहले लकडाउन लगाउँदै गर्दा यहाँको मानिसहरूको सबैको आर्थिक र सामाजिक हैसियत उही छैन भन्ने हेक्का राख्न सकेन । फरक सामाजिक क्षेत्र, आर्थिक पहुँच र विविध खाले समस्याको कारण मानिसहरू लकडाउन जारी भएदेखि नै छटपटाउन थालेका छन् । त्यसको सबैभन्दा मार गरिब र असहाय परिवारमा परेको छ । दिनभर परिश्रम गरेर बिहानी बेलुकीको छाक टार्नुपर्ने समस्यामा रहेका मजदुर, ज्यालादारी गरि खाने, भूमिहीन, सुकुम्बासी, साहाराविहीन, जेष्ठ नागरिक, अपांगता भएका व्यक्तिहरूलाई बढी परेको छ ।

२५ लाखभन्दा बढीको जनसंख्या गरिबीको रेखामुनि रहेको प्रदेश २ मा विपन्न बस्तीहरूमा लकडाउनले भोकमरीको अवस्था सृजना गरेको छ । एकातिर लकडाउन वाध्यता पनि हो । कोरोना रोकथामका लागि लकडाउन जारी गर्नु संघीय सरकार र स्थानीय तहको वाध्यता थियो र हो । वाध्यतासँगै सरकारले भोकमरीको अवस्था सृजना हुन दिनु हुँदैन । लकडाउन सुरु भएपछि सरकारले पहिलो चरण, प्रदेश सरकार र स्थानीय तहले राहत वितरण गऱ्यो । तर, त्यसपछिका दिनमा राहत वितरण हुन सकेन । बरु लकडाउनको अवधि लम्बिएको लम्बियैं रह्यो । कतिपय स्थानीय तहमा गरिबका नाममा वितरण हुनुपर्ने राहतमा राजनीतिकरण हुँदा वास्तविक गरिब परिवार राहत पाउँनबाट बञ्चित हुनुपऱ्यो । जसका कारण कतिपय स्थानीय तहमा राहत वितरणमा झडप समेत भए ।

लहान नगरपालिका–१४ का पल्टु सदायकै शब्दमा कोरोनाका कारण दिनदिनै लकडाउन थपिँदै गएको छ । तर, मजदुर, गरिबलाई राहत थपिएको छैन् । हामीले रोजगारी गुमाएका छौं । घरखर्च चलाउन मुश्किल भएको छ । तर, स्थानीय तहहरूले लकडाउन थपिने तर, राहत वितरण नगर्ने देखिएको छ । यो पीडा पल्टुको मात्रै होइन अधिकांश गरिब परिवारको हो ।

भूमिहीन सुकुम्बासी परिवार मात्र होइन् मुलुकमा चैत ११ गतेदेखि लकडाउन सुरु भएपछि सार्वजनिक यातायातमा काम गर्ने मजदुर समेत बेरोजगार बनेका छन् । चैतदेखि अहिलेसम्म सार्वजनिक यातायात चलेका छैनन् । त्यसमा कार्यरत मजदुर कामविहीन हुदा बेखर्चीमात्र बनेका छैनन् गुजारा चलाउनै सकस परेको छ । स्थानीय तह र संघ संस्थाले राहत अरुलाई बाँडेपनि यातायात मजदुरलाई सबैले बेवास्ता गरेको उनीहरूको दुःखेसो छ । सिरहा, सप्तरी र उदयपुरमा चल्ने दिवा बसमा आबद्ध बेखर्ची बनेका ६० यातायात मजदुरको एउटै दुःखेसो छ ‘न त बस धनीले हेरे, न त स्थानीय सरकारले नै ।’

एकातिर गरिब दलित परिवार मात्रै होइन यातायात मजदुर राहत पाउनबाट बञ्चित छन्भने अर्कोतर्फ स्थानीय तहका जनप्रतिनिधिको अकर्मण्यताका कारण राहत कार्यालयमैं थन्किएको अवस्था छ ।

प्रदेश २ का सरकारले कोरोना भाइरस (कोभिड–१९)बाट प्रभावितहरूका लागि गत जेठ/असार महिनामै राहत सामग्री वितरण गर्न जिल्लास्थित घरेलु तथा साना उद्योग कार्यालयले दलित, गरिब परिवारलाई वितरण गर्न सिरहा नगरपालिका वडा नम्बर १६ कार्यालयलाई हस्तान्तरण गरेपनि वडा कार्यालयमैं थन्काएर राख्नुले यसको पुष्टि हुन्छ । एकातिर राहत नपाएर गरिब निमुखा भोकै मर्ने अवस्था सृजना भएको छ भने अर्कोतिर जनप्रतिनिधिले कार्यालयमैं राहत सामग्री थन्काएर राख्नु न्यायोचित मानिन्दैन । फेरी पनि पल्टुकैं शब्दमा ‘कोरोनाले हामीले रोजगार गुमायौँ, गाउँमा पनि काम त्यति पाउँदिन । बजारमा काम खोज्दा पनि पाइदैन ।’ उनी भन्छन् ‘सरकारले एक पटक २० किलो चामल दियौँ, त्यो कति दिन चल्छ ? हामीलाई सुरक्षित रहेर रोजगारीमा जान दिएमात्र गुजारा चलाउन सहज हुन्छ ।’ तसर्थ, स्थानीय सरकारले लकडाउनलाई पूर्णरुपमा कार्यान्वयन गर्दै पल्टुजस्ता भूमिहीन सुकुम्बासी परिवारको बारेमा सोच्न जरुरी छ ।

# हाम्रो अन्तिम लडाई

## बिपी कोइराला राजनीतिक अभिलेख

नेपाली कांग्रेसले अब झट्टै लडाईको बिगुल फुक्दै छ । राणा सरकार विरूद्धको अन्तिम मोर्चाका लागि विभिन्न स्थानीय समिति बनाएर कार्यक्रमका साथ तयार रहन केन्द्रले आदेश दिइसकेको छ । दुश्मनको तागत के–कस्तो छ भन्ने जाँच्नका लागि छिटफुट लडाई पनि लडियो । अनेकौं ठाउँमा प्रदर्शन भए र अनेकौं साथी जेल परे । स्याङ्जा, नुवाकोट, परासी, पर्सा, उदयपुरगढी इत्यिादि ठाउँमा जनताले सरकारको अत्याचारको बहादुरीका साथ विरोध गरेर आफ्नो राष्ट्रिय संस्था नेपाली कांग्रेसप्रति अविचलित भक्ति प्रदर्शित गरेका छन् । हामीले यस्ता स्थानीय आन्दोलन एवं प्रदर्शनबाट हाम्रो र शत्रुपक्ष दुवैको तागतको अनुमान पनि राम्रैसँग लगायौं ।

सरकारले आत्तिएर यस्ता संघर्ष र प्रदर्शन भएका स्थानमा नितान्त बुद्धिहीन काम गऱ्यो । यसबाट सुसंगठित जनबलको प्रतिरोध गर्ने क्षमता अब सरकारमा छैन भन्ने प्रस्ट जाहेर हुन्छ । अब जनताले पनि सरकारको अन्तिम घडी आइसक्यो भन्ने राम्ररी बुझिसकेका छन् । अब जनसाधारणमा राणाशासनलाई अन्तिम धक्का दिएर समाप्त गर्नका लागि जनताको संस्था नेपाली कांग्रेसलाई अझै मजबुत बनाउनुपर्छ भन्ने भावना आइसकेको छ । अब उप्रान्त राणा सरकारको अस्तित्वले निरन्तरता पाउने–नपाउनेमा उनीहरूको अत्याचार एवं दमनमै निर्भर छ ।

देशमा अब राणाशाहीलाई समर्थन गर्ने कुनै संस्था, वर्ग, जाति वा श्रेणी छैन । राणाहरु आजसम्म पल्टनमाथि भर परेर बसेका थिए, तर अब त्यो पल्टनतिर पनि कांग्रेसको सन्देश पुगिसकेको छ । कांग्रेस समस्त देशबासीसरह उनीहरूको पनि कल्याण चाहन्छ भन्ने फौजीभाइहरूले राम्ररी बुझिसकेका छन् । तसर्थ, ती फौजी भाइहरु पनि अहिले कांग्रेसप्रति श्रद्धाभाव राख्दछन् । अब राणासरकारलाई आफ्नै सिपाहीमाथि पनि भरोसा छैन । यता, कांग्रेसको तागत पनि दिनप्रतिदिन बढ्दै छ । कांग्रेसीहरु सिपाहीलाई पनि आफ्नो मित्र ठान्दछन् । तसर्थ, ऐनमौकामा कांग्रेसलाई सबैले साथ दिनेछन् । देशका तमाम रैती, किसान, मजदुर, सिपाही, सरकारी कर्मचारी सबैजना धमाधम कांग्रेसको सदस्य बन्दै छन् र सबैजना कांग्रेसको आहवानअनुसार राणा–शाही समाप्त गर्न तत्पर देखिन्छन् । अब यही वर्षभित्र राणा–शाही समाप्त हुन्छ भन्ने मेरो दृढ विश्वास छ । एउटा जिम्मेबार मानिसका रूपमा वस्तुस्थितिलाई पूर्णत अध्ययन गरेर मैले राणा–शाही यो वर्षभन्दा बढी टिक्न सक्दैन भनेको हुँ ।

अहिले हामीले एउटा कुरो अत्यन्त स्पष्टतापूर्वक बुझ्नुपरेको छ । आखिर हाम्रो लडाईको उद्धेश्य के हो ? हामीले सधै हाम्रो लडाईको आदर्श र ध्येयलाई आफ्नो अगाडि स्पष्ट रूपमा राखेको खण्डमा मात्र हाम्रो लडाईको रूपरेखा प्रष्टिन्छ । अनिमात्र हाम्रो तागतको पनि सदुपयोग हुन्छ । हामीले नेपाली कांग्रेसको घोषणापत्रमा हाम्रो उद्धेश्य प्रस्ट्याइसकेका छौं । तर, मेरो विचारमा अझैपनि घोषणा पत्रको यथेष्ट प्रचार हुन सकेको छैन एवं यथेष्ट रूपमा त्यसको सूक्ष्म अध्ययन पनि भएको छैन । यसतर्फ नेपाली कांग्रेसको कार्यकर्ताले ध्यान दिनु बडो आवश्यक छ । कतिपय साथीहरूले घोषणा पत्रको सम्बन्धमा केही वैधानिक टिप्पणी गरेका छन् । घोषणा पत्रजस्तो महत्वपूर्ण प्रकाशनमा कांग्रेसका समस्त जनप्रतिनिधिहरूसँग सल्लाह नलिइएकोमा उनीहरूका केही गुनासा छन् । त्यस्तै, केही अरू वैधानिक प्रश्न पनि साथीहरूले उठाएका छन् । दुर्भाग्यवश, हाम्रा ती सदाशयी साथीहरुलाई देशको परिस्थितिको खास अनुभव छैन । नेपाली कांग्रेसले जुन विकट र बेढंगको परिस्थितिमा काम गर्दैछ, त्यहाँ पार्टीको राष्ट्रिय कार्यकारिणीलाई यथेष्ट अधिकार नदिई काम चल्दैन । कार्यकारिणीले हाम्रो उक्त घोषणापत्रलाई स्वीकार गरिसकेको छ । कार्यकारिणीको आदेशद्वारा नै घोषणापत्र प्रचारमा ल्याइएको हो । प्रतिनिधिसभाले चाहे यस

बाँकी ४ पेजमा


धनगढीमाई नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

धनगढी, सिरहा प्रदेश नं. २ नेपाल

धनगढीमाई नगरपालिकाद्वारा सार्वजनिक हितमा जारी

अत्यन्त जरुरी सूचना

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस (COVID-19) को संक्रमणबाट धनगढीमाई नगरपालिका पनि उच्च जोखिममा रहेको तथा भिडभाड हुने हाट बजार क्षेत्रहरु, पसल, होटलहरु र जनसम्पर्क अधिक हुने निजी, सरकारी कार्यालय, बैंक तथा वित्तीय संस्थाहरुमा कार्यरत पदाधिकारी र कर्मचारीहरुमा यसको संक्रमण देखिएको, आम नागरिकमा पनि यसको संक्रमण छिटफुट रुपमा देखिएकोले यो रोग समुदायस्तरमा फैलन सक्ने सम्भावना भएकोले नगरपालिका भित्र मिति २०७७।०४।२५ बाट शुरु भई बन्दाबन्दी लागू भएको व्यहोरा सबै नगरवासीमा अवगतै छ । यस्तो अवस्थामा यस रोगबाट सुरक्षित रहन आवश्यक उच्च सतर्कता अपनाउनको लागि पटक–पटक साबुन पानीले हात धुन, स्यानिटाईजर प्रयोग गर्न, मास्क प्रयोग गर्न र सामाजिक दूरी (२ मिटर) कायम गर्न नगरपालिका सबै नगरवासीमा अनुरोध गर्दछ । साथै घर बाहिर ननिस्कन, भिडभाड नगर्न, सामाजिक क्रियाकलापहरु भोज भतेर नगर्न नगराउन हुन समेत नगरपालिका अनुरोध गर्दछ । यसका साथै मिति २०७७।०५।०५ गतेको कोरोना आपतकालिन व्यस्थापन केन्द्र (CCMC) को वैठकको निर्णयका देहायका विषयहरु सबै नगरवासीहरुको जानकारी एवं परिपालनाको लागि सार्वजनिक गरिएको छ ।

१. PCR Test मा Positive रिपोर्ट आएका व्यक्तिहरुको घरपरिवारका सदस्य तथा नजिकका छिमेकीहरुको माध्यम र सम्पर्कमा आएका व्यक्तिहरुको तत्कालै Contact Tracing गरि नामावली संकलन गर्ने कार्य भईरहेकोले Contact Tracing Team को सम्पर्कमा आउने र सहयोग गर्ने ।

२. PCR Test को लागि स्वाब संकलन गरिएका तर नतिजा नआएका व्यक्तिहरु तत्कालबाट आ–आफ्नो निवासमा होम क्वारेन्टाईनमा रहने ।

३. PCR Test को नतिजा Positive आएका व्यक्तिहरु Home Isolation मा बस्नल चाहेमा नेपाल सरकारको स्वीकृत मापदण्ड बमोजिम होम आइसोलेशनमा बस्नक सक्ने र सोका लागि नगरपालिकामा सम्पर्क राख्ने ।

२०७७।५।०५

शिवराज चौलागाई

प्रमुख प्रशासकीय अधिकृत

शिवराज चौलागाई

प्रमुख प्रशासकीय अधिकृत



कोरोना भाईरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

हाल विश्वभरी फैलिरहेको कोरोना भाईरसबाट नेपाल उच्च जोखिममा रहेको विश्व स्वास्थ्य संगठनको प्रतिवेदन अनुसार कोरोना भाईरसबाट भइरहेको र हुन सक्ने सम्भावित जोखिमबाट बच्न कुनै किसिमको ठुलो सभा, जुलुश, मेला आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

कोरोना भाईरसबाट बच्ने उपायहरु :

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं ।ग) साबुन पानीले नियमित हात धोउँ । घ) कम पाकेको माछा, मासु नखाउँ । ङ) दही, दुध, घ्यु, पनिर आदिको सेवन गरौं । च) कुहिएको खाने कुरा नखाउँ । छ) खानेकुरा धोई पखाली राम्रोसँग पकाएर खाउँ । ज) एक आपसमा अभिवाद गर्दा नमस्ते गर्दा हात नमिलाउँ । झ) एक आपसमा शारिरिक दुरी कायम राखौं । ञ) खोक्दा वा हाच्छु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । ट) रोग संक्रमण लागेको शंका लागेमा स्वास्थ्य तथा रोग नियन्त्रण कार्यालयको कल सेन्टरमा नं.१३३९ मा जानकारी दिनु तथा चिकित्सक सित सम्पर्क गरौं । ठ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं ।

लक्ष्मीपुर पतारी गाउँपालिका कार्यालय, सिरहा

## हाम्रो अन्तिम ...

घोषणापत्रलाई अस्वीकृत गर्न वा परिवर्तन गर्न सक्छ । प्रतिनिधिसभामैं मूल अधिकार निहित भएकाले प्रतिनिधिसभा नबसुन्जेल घोषणापत्र छाप्नु उचित हुँदैन । हाम्रो संस्थाको सर्वोच्च विधायक प्रतिनिधिसभा नै हो । तर, घोषणापत्रको प्रकाशनले यस सर्वोच्च विधायकको अधिकार हनन् भयो भन्ने सोच्नु पनि गलत हो । घोषणापत्रको अध्ययन र समीक्षाका सन्दर्भमा एक–दुई लेख आएका छन् । घोषणापत्र तयार गर्ने जिम्मेवारी मेरो रहेको हुँदा घोषणापत्रका आलोचनाहरूको उत्तर दिने जिम्मेवारी पनि मेरै ठहर्दछ । घोषणापत्रका सम्बन्धमा आएका पत्रहरूमा एकाध अस्पष्ट आलोचनाबाहेक अधिकांशमा घोषणापत्रको हार्दिक स्वागत गरिएको छ । यो साँच्चै नै हर्षको विषय हो । तर, फेरि घोषणापत्रले बौद्धिक दृष्टिबाट यथेष्ट मात्रामा हार्दिक स्वागत पाए पनि घोषणापत्रभित्रका कतिपय व्यावहारिक पक्षतिर अध्येताहरूको ध्यान पुगेको छैनजस्तो पनि देखिन्छ । आज राणाविरुद्ध अन्तिम मोर्चामा डट्न तयार भइरहेको बखत हामीले आफ्नो राष्ट्रिय ध्येयको अत्यन्त स्पष्ट जानकार हासिल गर्नु परम आवश्यक छ । जनताका कर्तव्य के हुन् ? उनीहरूले आगामी लडाईमा कस्ता लक्ष्य प्राप्त गर्नका लागि प्रयत्न गर्नुपरेको छ, आन्दोलन, लडाई वा विजयका क्षणमा हाम्रो संघर्षको लक्ष्य हाम्रा अगाडि रहनुपर्छ । हामीले मोटामोटी रूपमा निम्नलिखित काम गर्नुछ :

१. वर्तमान एकतन्त्रीय शासनप्रणालीको अविलम्ब अन्त्य गर्नुपर्छ । प्रस्तुत महायज्ञमा नेपालका प्रत्येक नागरिकले आफ्नो शक्ति एवं विश्वासअनुरूप सहयोग दिनु आवश्यक छ । यस राणाशासनले हामीलाई गरिब र अशिक्षित बनाइराखेको छ । हामी अब विद्रोह गर्दछौं । यो राणाशाहीका अडा र अफिस घूसखोरी एवं बेइमानीका केन्द्र भएका छन् । हामी त्यसको विरोध गर्छौं । हामी यस सरकारका बडा–हाकिमलाई आफ्नो बडा–हाकिम मान्दैनौं । अब, जनबलको वेगमा हरेक जिल्लामा जहाँसुकै र जस्तोसुकै भएपनि सरकारी चिन्हको प्रतीक र अवशेष ध्वस्त र लुप्त हुनेछ । हामी संघर्ष र विद्रोहका क्रममा हाम्रो गतिविधिलाई काठमाडौंमा मात्र सीमित राखेर कदापि सन्तुष्ट हुन सक्दैनौं । अब देशभरिका सरकारी अस्तित्व नष्ट एवं लुप्त भएर जानेछन् ।

२. नेपाली कांग्रेसको घोषणपत्रमा एउटा नितान्त नौलो किसिमको सामाजिक व्यवस्थाको स्थापनाको संकल्प प्रष्ट किसिमले व्यक्त गरिएको छ । सोही संकल्पअनुरूप हाम्रो ध्यान राणाशासनको समाप्ति हुनासाथ भूमि–व्यवस्थातर्फ तुरून्तै जानेछ । किसानहरूले बडा–बडा बिर्तावाल र भूमिपतिका सबै जमीन तुरून्तै कब्जा गर्नेछन् । हामी तुरून्तै गरिब किसानहरूको ऋण माफ भएको घोषणा गरिदिनेछौं । यो अवश्य हो, हामीले भूमि वितरणको कार्यक्रम लागू गर्ने क्रममा समाजमा अनावश्यक द्वन्द्व र कुण्ठाचाहिँ नपलाओस भन्ने कुरामा सतर्क हुनुपरेको छ । भूमि वितरण एवं अन्य क्रान्तिकारी सामाजिक–आर्थिक लक्ष्य पूर्तिका निमित्त प्रत्येक जिल्लामा एक–एक समिति बन्नेछन् । यस समितिमा जिल्लाका किसान–नागरिकको समुचित प्रतिनिधित्व रहनेछ ।

३. तर, देशमा अराजकता कदापि नफैलियोस भन्ने कुरो हामीले कहिल्यै बिर्सनु हुँदैन । वर्तमान निरंकुश प्रणाली विनष्ट हुनासाथ त्यसको ठाउँमा नेपाली कांग्रेसको व्यवस्था तुरन्तै स्थापित हुनेछ । हाम्रो राष्ट्रिय संस्थाले शासनको सम्पूर्ण जिम्मेवारी लिनेछ । हाम्रो घोषणापत्रअनुरूप नै हाम्रो नयाँ शासनको वैधानिक नायक महाराजाधिराज हुनुहुनेछ । नेपाली कांग्रेसको शासन उहाँकै नाममा, उहाँद्वारा प्रदत्त अधिकारका बलले प्रत्येक जिल्लामा कायम हुनेछ ।

*–१९५०, सेप्टेम्बर १५*

*(स्रोत : 'राजतन्त्र र लोकतन्त्र' भाग–१, २०३० साल, प्रकाशक : समाजवादी विद्या सदन, वाराणसी )*

## सिरहामा ...

र लागुऔषध सेवनकर्ता रहेको बुझिएको स्वास्थ्य प्रमुख यादवले बताए ।

यसैगरि मिर्चैया नगरपालिकाका एक जनाको मृत्युपछि कोरोना संक्रमणको पुष्टि भएको थियो । स्वास्थ्य कार्यालयका अनुसार ती ६८ वर्षीय पुरूषको स्वाब मिर्चैयाको क्वारेन्टाइनबाट गत साउन २ गते बिहान ८ बजे लिइएको थियो । मधुमेहका बिरामी रहेका ती पुरूषलाई स्वाब लिएको केही घण्टा पश्चात् उच्च रक्तचापको समस्या पनि देखिनुको साथै उच्च ज्वरो पनि आएको थियो । ज्वरोको कारण नै उनको साउन ३ गते बिहान ७:३० बजे मृत्यु भएको थियो । यसअघि गोलबजार नगरपालिका–१२ गौरीपुरका २३ वर्षीय युवक र विष्णुपुरका एक जनाको मृत्यु भएको थियो ।

## कोरोनाबाट ...

*गार्ड अस्पतालमा पु¥याए, डाक्टरले मृगौलाले काम गर्न छाडेको सुनाएपछि विश्वास लागेन ।' त्यसपछि गणेशले भाईलाई उपचारका लागि भक्तपुर पु¥याए । अस्पतालको नाम गणेशले भन्न सकेनन् । त्यहाँ मृगौलाले काम गरेको छैन भन्ने एकीन भएपछि अस्पतालमैं उपचार थाले । 'मासिक ५० हजार रूपैयाँसम्म उपचारमा खर्च हुन थाल्यो,' गणेशले भने, 'अलिक बिसेक भएपछि घर ल्याए ।'*

*त्यसपछि २ वर्षदेखि भाईको मृगौलाको डायलासिस गराउँदै आएको थिए । त्यही बीचमा दुई वर्षअघि गणेशले बर्दिबासकी सुनितासँग विवाह गरे । बालबच्चा भएको छैन् । गणेशले खेतीपाति स्याहार्न थाले । ट्रयाक्टर चलाउन थाले । भाइको उपचारमा १५–१६ लाख रूपैयाँ खर्च भइसकेको थियो । जसोतसो उपचार भइरहेको थियो । गणेश भन्छन्, 'अचानक भाइको मृत्युको खबर आयो, भाइको अनुहार हेर्न र दाहसंस्कार समेत गर्न पाइएन, मृत्युकर्म समेत हुन सकेन् ।'*

## कोरोना, प्रशासन र जनता

### गाउँघर
### राजकुमार राउत



चैत्र महिना देखि देखा परेको कोरोना नेपालमा हाल सबैको चिन्ता, चाँसो र डरको विषयवस्तु बनेको छ । विहान सुतेर उठेदेखि राती सुतुञ्जेलसम्म हरेक नेपालीले अरू विषयवस्तु भन्दा कोरोनाकै बढी चर्चा गरिरहेका हुन्छन् ।

कोरोना चीनको बुहानबाट उत्पन्न भएको हो । जसको विश्व स्वास्थ्य संगठनले छोटकरीमा कोभिड–१९ भनेर छोटकरीमा नाम दिएको छ । जसलाई कोरोना भाइरस भनिन्छ ।

नेपाल अहिले आएर कोभिड–१९ को कारणले अत्यन्तै संकट र जोखिमको अवस्थामा गुज्रीरहेको छ । कोभिड–१९ ऐपिडेमिक नभएर प्यान्डेमिक (विश्व महामारीको ) रूपमा फैलिएको छ जसका कारण विश्वका ८०/९० प्रतिशत मुलुकहरूको सम्पूर्ण कारोबार आर्थिक कारोबार, शैक्षिक, वैज्ञानिक राज्यसत्ता, नागरिक समाजको सर्वाङ्गीण क्रियाकलापहरु अस्तव्यस्त र अधोगतिमा पुगेका छन् ।

दक्षीण एशियाका मुलुकहरु मध्ये नेपाल जस्तो सानो मुलुकमा यस्तो रोगले भयावह रूप धारण गर्नाले नेपालको कुनै क्षेत्र र कुनै प्रगतिको बाटो सुखद छैन । नेपालमा यसले गर्दा विश्वविद्यालय र महाविद्यालयहरु संचालनमा आएका छैनन् । उद्योगी व्यवसायीहरूको सम्पूर्ण उद्योग व्यवसायको बाटो बन्द भएको छ । समाजको सामाजिक व्यवहार पूजाआजा, विहेवारी, अनुष्ठान रोकिएको छ । नेपाल जस्तो सानो र गरीब देशमा २/४ जनाको मानवीय क्षति हुँदा ठूलो घट्ना घटे जस्तो हुने अवस्थामा कोभिड–१९ को कारणले सयकडौं नागरिकको मृत्यु भएको छ । करिब ३०/३५ हजार जनता संक्रमित हुँदैछन् । जसको जीवनको ग्यारेन्टी कसैसँग छैन ।

यस्तो अवस्थामा राज्यले सर्वदलीय अन्तरत्रिया नागरिक समाजसँग सहकार्य, संचारकर्मीहरूलाई प्रोत्साहन दिनुपर्ने, विज्ञहरूसँग रोकथाम र नियन्त्रणको उपायमा लाग्नुको सट्टा सिर्फ साधुसंतले राम नाम रटेर संसारको सारा सिद्धि प्राप्त हुने विश्वास लिए जस्तै सरकार तथा राज्यले लकडाउन र बल प्रयोगलाई मात्र सर्वोपरी उपायको रूपमा देखेको छ । जसबाट मात्रै जनताले रोग, भोक, शोकबाट राहत पाउने अवस्था छैन ।

राज्यको ईशारामा देशका हरेक जिल्लामा सरकारी संयन्त्रणका सम्पूर्ण निकायहरु प्रहरी, सेना, सशस्त्र र प्रशासन जुटेका छन् । तिनीहरूले आफ्नो विवेकलाई प्रयोग हुन दिएकै छैनन् । प्रहरी, प्रशासनले पनि जे जस्तो सरकार र राज्यबाट निर्देशन र हुकुम आउँछ त्यसको पालना मात्र कोभिड–१९ को रोकथाम र नियन्त्रणको उपाय भन्ने सोचेका हुन्छन् ।

सरकारले दिएको निर्देशन अनुसार समेत राज्य संयन्त्रले मुलुकको देहात र ग्रामीण क्षेत्रलाई प्राथमिकतामा राखेको छैन । राज्यका निकाय प्रहरी, प्रशासन ग्रामीण क्षेत्र भन्दा बढी सहर उन्मुख देखिन्छन् । तिनीहरूले शहरमा रोकथाम र नियन्त्रणमा भयो भने मुलुक भयावहताबाट जोगिन्छ भन्ने सोचबाट हेरेका छन् । देशका सम्पूर्ण प्रशासन प्रहरीलाई समेत आजको मितिसम्म आ–आफ्ना मातहत जिल्लाहरूमा कुन गाउँ, कहाँ पर्दछ भन्ने जानकारी समेत छैन । गाउँघरमा ८० प्रतिशत जनता मास्क लगाउँदैनन् । कंकर, बिडी, खैनी, तम्बाकु खाने बेला ग्रामीण क्षेत्रको चिया पसलहरूमा सरकारद्वारा जारी २ मीटर पर बस्नुपर्छ भन्ने पनि पालना गर्दैनन् । जुन चिन्ताजनक क्रियाकलाप हो ।

खेतबारीमा काम गर्ने, बसिवियालो साँझको थकाईबाट विश्राम लिने वेलामा २५ औं जना व्यक्तिहरु तीघ्रामा तीघ्रा जोरेर बसेका हुन्छन् । त्यसकारण राज्यले यथाशीघ्र ढिलाई नगरी राष्ट्रिय, अन्तराष्ट्रिय रूपमा विज्ञहरूसँग राय परामर्श गरी वैज्ञानिक तथा सफल रोकथाम र नियन्त्रणको उपाय खोज्नुपर्छ । साथै सहरलाई मात्र निगरानीमा नराखी अधिकतम रूपमा ग्रामीण क्षेत्रमा समेत राज्य संयन्त्र परिचालन हुनु अहिलेको आवश्यकता भएको छ ।

कोरोना भाईरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

हाल विश्वभरी फैलिरहेको कोरोना भाईरसबाट नेपाल उच्च जोखिममा रहेको विश्व स्वास्थ्य संगठनको प्रतिवेदन अनुसार कोरोना भाईरसबाट भइरहेको र हुन सक्ने सम्भावित जोखिमबाट बच्न कुनै किसिमको ठुलो सभा, जुलुश, मेला आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

कोरोना भाईरसबाट बच्ने उपायहरु :

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) कम पाकेको माछा, मासु नखाउँ । ङ) दही, दुध, घ्यु, पनिर आदिको सेवन गरौं । च) कुहिएको खाने कुरा नखाउँ । छ) खानेकुरा धोई पखाली राम्रोसँग पकाएर खाउँ । ज) एक आपसमा अभिवाद गर्दा नमस्ते गर्दा हात नमिलाउँ । झ) एक आपसमा शारिरिक दुरी कायम राखौं । ञ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । ट) रोग संक्रमण लागेको शंका लागेमा स्वास्थ्य तथा रोग नियन्त्रण कार्यालयको कल सेन्टरमा नं.१३३९ मा जानकारी दिनु तथा चिकित्सक सित सम्पर्क गरौं । ठ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं ।

धनगढीमाई नगरपालिका कार्यालय, सिरहा

कोरोना भाईरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

हाल विश्वभरी फैलिरहेको कोरोना भाईरसबाट नेपाल उच्च जोखिममा रहेको विश्व स्वास्थ्य संगठनको प्रतिवेदन अनुसार कोरोना भाईरसबाट भइरहेको र हुन सक्ने सम्भावित जोखिमबाट बच्न कुनै किसिमको ठुलो सभा, जुलुश, मेला आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

कोरोना भाईरसबाट बच्ने उपायहरु :

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) कम पाकेको माछा, मासु नखाउँ । ङ) दही, दुध, घ्यु, पनिर आदिको सेवन गरौं । च) कुहिएको खाने कुरा नखाउँ । छ) खानेकुरा धोई पखाली राम्रोसँग पकाएर खाउँ । ज) एक आपसमा अभिवाद गर्दा नमस्ते गर्दा हात नमिलाउँ । झ) एक आपसमा शारिरिक दुरी कायम राखौं । ञ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । ट) रोग संक्रमण लागेको शंका लागेमा स्वास्थ्य तथा रोग नियन्त्रण कार्यालयको कल सेन्टरमा नं.१३३९ मा जानकारी दिनु तथा चिकित्सक सित सम्पर्क गरौं । ठ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं ।

भगवानपुर गाउँपालिका कार्यालय, सिरहा

कोरोना भाईरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

हाल विश्वभरी फैलिरहेको कोरोना भाईरसबाट नेपाल उच्च जोखिममा रहेको विश्व स्वास्थ्य संगठनको प्रतिवेदन अनुसार कोरोना भाईरसबाट भइरहेको र हुन सक्ने सम्भावित जोखिमबाट बच्न कुनै किसिमको ठुलो सभा, जुलुश, मेला आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

कोरोना भाईरसबाट बच्ने उपायहरु :

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) कम पाकेको माछा, मासु नखाउँ । ङ) दही, दुध, घ्यु, पनिर आदिको सेवन गरौं । च) कुहिएको खाने कुरा नखाउँ । छ) खानेकुरा धोई पखाली राम्रोसँग पकाएर खाउँ । ज) एक आपसमा अभिवाद गर्दा नमस्ते गर्दा हात नमिलाउँ । झ) एक आपसमा शारिरिक दुरी कायम राखौं । ञ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । ट) रोग संक्रमण लागेको शंका लागेमा स्वास्थ्य तथा रोग नियन्त्रण कार्यालयको कल सेन्टरमा नं.१३३९ मा जानकारी दिनु तथा चिकित्सक सित सम्पर्क गरौं । ठ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं ।

नवराजपुर गाउँपालिका कार्यालय, सिरहा

# स्थानीय तह : प्रविधिमा आधारित शिक्षा

## पालिका बहस

सोभितलाल चौधरी



भनिन्छ, प्राकृतिक विपत्ति, आँधी, संकट कसैलाई भनेर आउँदैन । यस्तै विपद कोरोना भाइरस (कोभिड–१९) को महामारीबाट विश्व आक्रान्त भई गुज्रिरहेको अवस्था छ । नेपाल पनि त्यसबाट अछुतो रहन सकेको छैन् । गत चैत्र ११ गते देखि लकडाउन (बन्दावन्दी) रहदै बीचमा बेला बेला खुकुलो भयो । बन्दाबन्दी ६ महिना पार गरिसकेको अवस्थामा हरेक क्षेत्र नराम्ररी प्रभावित भएको छ । कोभिडको सुधारात्मक अवस्थासँगै बन्दाबन्दीको सहजता अहिले पनि के होला सहजै आंकलन गर्न सक्ने अवस्था छैन । तत्काल कोभिड–१९ को मानवीय संकटलाई ध्यान दिनु पहिलो प्राथमिकता रहेको छ । कोरोना भाइरसबाट हरेक क्षेत्र नराम्ररी प्रभावित छ नै यसबाट शैक्षिक जगत समेत प्रभावित भएको सबैमा अवगत छ । यस घडीमा शिक्षा र शिक्षणसँग सम्पूर्ण पक्ष अवरूद्ध भई प्रत्यक्ष त्रियाशीलता रहेको छैन् । कतिपय विद्यालयहरु क्वारेन्टाइनमा परिणत छन् । बालबालिका कोठा भित्र थुनिएको अवस्थामा छन् । यसबाट शैक्षिक प्रतिस्पर्धामा पछि पर्ने निश्चित जस्तै छ । शिक्षक विद्यार्थी परिस्थितिजन्य कारणले पठन पाठनमा सरिक हुन नसकिरहेको अवस्था छ । विद्यालय मात्र होइन क्याम्पसहरुको अवस्था उस्तै छन् । विद्यार्थीहरुमा एक प्रकारको मनोवैज्ञानिक प्रभाव परिरहेको छ । यसबेला परीक्षाको मूल्यांकन प्रकृया नै बदलनु पर्ने अवस्थाको सृजना भएको छ । २०७६ सालको एसईईको मूल्यांकन प्रकृयासँगै कक्षा ११ र १२ को परीक्षा मूल्यांकन पर्खाइमा रहेको छ । शैक्षिक सत्र फेरिने अवस्था छ ।

यता यो चुनौतीलाई सामना गर्न नेपाल सरकार शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयले वैकल्पिक सिकाइ प्रकृया अवलम्वन गर्ने नीति अनुरूप देशभरमा सामुदायिक तथा नीजि विद्यालयहरुमा शिक्षाकर्मीहरु अवस्था हेरी प्रविधिमा संलग्न भई शिक्षण सक्रियतामा रहेका छन् । शैक्षिक क्षेत्र चलायमान रहने प्रकृयामा हाल मन्त्रालयले विदेश अध्ययनका लागि नेपाली विद्यार्थीहरुलाई 'नो अवजेक्सन लेटर' बाटो खुल्ला गरेको छ । तथापि शैक्षिक क्षेत्रमा ठोस निर्णय लिन सरोकारवालाहरुलाई हेर र पखाईको अवस्थामा पुर्‍याएको छ । कोरोना भाइरसको बढ्दो संक्रमण तथा मृत्युले स्थानी तहहरु बन्दाबन्दीलाई निरन्तरता निशेधाज्ञा जारीको अवस्था छ नै यस्तोमा मानवीय संकटबाट जोगिनु त्यसलाई अन्य सन्दर्भ प्रविधिमा आधारित शिक्षा भर्चुअल कक्षा स्थानीय तहको रहेको छ । कोरोना कहरसँगै भर्चुअल कक्षा बैठक गोष्ठीलाई अभ्यासमा ल्याइयो । यसमा नीतिगत तथा प्राविधिक त्रुटीहरुको सामना गर्नुपर्ने अवस्थाहरु छन् । तथापि हाम्रो जस्तो मुलुकमा कोभिड–१९ को संकटबाट गुज्रिरहेको कोरोना कहरको बेलामा शैक्षिक उनयनका निम्ति वैकल्पिक शिक्षाको रूपमा प्रविधिमा आधारित भर्चुअल कक्षा, टेलिभिजन, रेडियो एफ. एम., अनलाईन कक्षा चाहि प्रयोगमा आएको छ, ल्याउन सकिन्छ । शिक्षाको कतिपय अधिकार क्षेत्रलाई स्थानीय तहमा पनि हस्तान्तरित भएकोले भौगोलिक विकटता, क्षेत्रीय संतुलन, आर्थिक पछौटेपन प्रविधिको अभाव पक्ष जनशक्तिबाट तालिम अभाव संचारमा पाइएको कमै जस्ता पक्षलाई ध्यान दिई स्थानीय तहको भूमिकाहरु स्थानीय शैक्षणिक गतिविधिलाई सहजीकरण गर्न आवश्यक देखिन्छ । केन्द्र, प्रदेश र स्थानीय तहबाट हुने समन्वयात्मक प्रविधिमा आधारित कक्षा हुदैछ । स्थानीय तहको भूमिकालाई प्रविधिमैत्रीसँग जोडेर हेर्न सकिन्छ । जुन आवश्यक पनि छ, अहिलेको वर्तमान परिस्थितिमा हो पनि दिनानुदिन नयाँ नयाँ प्रविधिको विकास भएको कुरा हाम्रो सबैको आँखा अगाडी छर्लङै छ । शिक्षण सिकाइ प्रकृया, अनुसन्धान र विकासमा प्रविधिको आधारभूत सिद्धान्तको प्रयोग भएको पाइन्छ । यसको विकास तीव्र गतिमा भइरहेको कुरामा कुनै विवाद नै छैन् । यसले गर्दा शिक्षाविद, प्राविधिक तथा वैज्ञानिकहरुलाई मानिसको जीवनस्तरलाई माथि उकास्नका लागि यसको शैक्षिक क्षेत्रमा यसरी प्रयोग गर्न सकिन्छ भनेर सोच्न बाध्य बनाएको छ । र अहिले यो सबैको लागि शैक्षिक क्षेत्रमा अपरिहार्य जस्तै महसुस भएको छ ।

विश्वमा प्रत्येक दिन भइरहेको ज्ञानको विष्फोटन, जनसंख्या र तिनको चाहनाको विष्फोटन समाजको बढ्दो विकास, विज्ञान र प्रविधिको विकास अन्य विविधि समस्याहरु समाधान गर्न सक्ने प्रचलित परम्परा शिक्षण पद्दतिमा व्यापक परिवर्तन गर्न सके मात्र शिक्षामा सामाजिक न्याय, शिक्षामा सार्वजनिककरण र समान अवसरले मात्र गुणात्मक शिक्षा प्रदान गर्न सम्भव हुन्छ भन्ने कुरा वर्तमान कोभिडको बेला सावित हुने सन्दर्भ प्रष्टिएको छ ।

वास्तवमा असल र राम्रो शिक्षणको अर्थ व्यक्तिको चौतर्फी विकास सन्तुलन रूपमा गर्नु हो । सन्तुलित भन्नाले सांस्कृतिक, संवेगात्मक, नैतिक, बौद्धिक, सामाजिक, भौतिक तथा भावनात्मक हिसाबले विकास हुनु हो । यो कार्य त्यति बेलामात्र सम्भव हुन्छ जुन बेला यसमा संलग्न व्यक्ति परिवर्तनको बाहक बन्छ । अहिलेको जमाना सूचनाहरुको विस्फोटनको जमाना हो । यसबाट जानकारीहरु सहजरूपमा बुझ्न सकिन्छ । विश्वमा भइरहेको सूचनाको विस्फोटनलाई बुझ्ने र त्यसलाई शिक्षण सिकाइमा संचार गर्ने काम गरियो भने सबै तहको शिक्षण सिकाइमा यसले महत्वपूर्ण योगदान गर्छ । यसलाई **ICT** भनेर बुझिन्छ । यसले कार्य क्षमता अभिप्रेरणा सहयोगात्मक सिकाइ, नयाँ आयाम, नयाँ तरिका व्यक्तित्व विकास, सामाजिक सीप, सिकाइमा रूची, स्वमूल्यांकनमा उपयोगी तुल्याउँछ भने यसमा मार्ग निर्देशनको अभावमा भावी सन्ततिलाई बोझ, सृजनशीलतामा कमी तुल्याउँछ । वेबमा आधारित शिक्षण अथवा ई सिकाइ, अनलाईन लर्निङ, डब्लु डब्लु डब्लु छलफल फोरम च्याट, इमेल अफलाइन, भाइबर मेडिया भर्चुअल कक्षा जस्तो प्रविधि उपयोगमा ल्याउन सक्ने तदारूकता प्रति सबै अग्रसर छन सान्दर्भिक देखिन्छ । जुन वैधानिक शिक्षाका मान्यता भित्र पर्छ ।

अत : नेपालमा २०७६ सालको शैक्षिक शत्रको अन्तिम महिनामा चैत्रको शुरूदेखि नै पठन पाठन अबरूद्ध भई शैक्षिक शत्र २०७७ वैशाख देखि शुरू हुनु पर्नेमा हाल ६ महिना कोरोनाको कहरको अवस्थामा शत्रु नै प्रमाणित भै विद्यार्थीहरु घरमै रहेका छन् । सहरी क्षेत्रमा कतिपय विद्यालयहरुले अनलाइन कक्षा सञ्चालन प्रकृयामा रहेको र दूर तथा खुल्ला शिक्षाको अवधारणा अगाडी सारेपनि कतिको प्रभावकारी हुन्छ ? सबैलाई समेटन सक्छ भन्ने बहस चलेकै हो । लकडाउनको शैली परिवर्तन होला । महामारीको अन्त्य के रहला ? जस्तो प्रश्न तेर्सिएको अवस्थामा, वैकल्पिक शिक्षाले असमानता बढाउने ? निजी सामुदायिक ग्रामीण क्षेत्रीय समानता नहुने चिन्ता अभिभावकमा थपिएको अवस्था छ । गुणस्तरीय इन्टरनेट सुविधा कमी नेटमा पहुँच नभएका प्रविधिको सुविधाबाट बञ्चित गरीब बञ्चितिकरणमा परेका ग्रामीण भेगमा बालबालिकालाई के गर्ने ? सवालमा वैकल्पिक प्रणालीबाट विद्यार्थीको सिकाइ सहजीकरण गर्ने सम्बन्धमा संघ प्रदेश र स्थानीय तह सम्बन्धित निकायहरूलाई निर्देशन दिए बमोजिम दूर तथा खुला शिक्षा अन्तर्गत अनलाइन रेडियो, टेलिभिजन तथा पत्राचार मार्फत अध्यापन गराउनु रहेको छ । हाल लहानमा न.पा. भित्र सरकारी र निजी गरी करीव १५० भन्दा बढी शैक्षिक अवस्थाहरु रहेका छन् । यसमा हजारौ विद्यार्थीहरु अध्ययन गर्छन् । कोचिङ ट्यूसन सेन्टर रहेका छन् । प्राविधिक शिक्षालय रहेका छन् । निजी सामुदायिक क्याम्पसहरुमा स्नातकोत्तर सम्मको अध्यापन हुँदा समग्रमा यिनीहरुको शैक्षणिक गतिविधिलाई सूचारू गर्न वर्तमान कोभिड–१९ को महामारीको अवस्थामा तत्कालिन रूपमा वैकल्पिक शिक्षा नै माध्यम भएको हुँदा स्थानीय स्रोत साधन सदुपयोग गरि स्थानीय तह, स्थानीय सरोकारवाला एवं निकायहरु शिक्षालाई निरन्तर जोड्ने कडीको रूपमा निरन्तरतास्वरूप पहल गर्ने अभिभावक समाजसेवी, बुद्धिजिवी, नेतृत्वपंक्ति, उद्यमी, शिक्षाप्रेमी सबैले बालबालिकाको शैक्षिक उननयनमा जोड दिन, भविष्य उज्जवल बनाउन सर्वोपरिहित हेतु सार्थक देखिन्छ ।

## सिरहामा ३४ ...

पुरूष, सुवर्ण गाउँपालिका–४, हर्दिया घर भएका २३ वर्षीया गर्भवती महिला र धनुषाको मुखियापट्टी मुसरनिया गाउँपालिका–४ घर भएका ४५ वर्षीय एक जना पुरूषसमेत आठ जनाको मृत्यु भएको सामाजिक विकास मन्त्रालयले पुष्टी गरेको छ।

यस प्रदेशमा बिहीबार १२४ जनामा कोरोना संक्रमण भएको छ। धनुषामा तीन जना महिलासमेत ३७ जना, महोत्तरीमा छ जना पुरूष, सिरहामा चार जना पुरूष, बारामा एक जना महिलासमेत १० जना, पर्सामा चार जना महिलासमेत २६ जना, सर्लाहीमा दुई जना महिलासमेत तीन जना, रौतहटमा छ जना पुरूष, सप्तरीमा आठ जना महिलासमेत ३२ जना संक्रमित भएका हुन्।

बिहीबार थप भएका समेत यस प्रदेशमा कुल संक्रमितको संख्या नौ हजार पाँच सय ५१ जना पुगेको छ। ती मध्ये चार हजार चार सय ९६ जना कोरोनामुक्त भएको छ। बिहीबार ५७ जना अस्पतालबाट निको भएर घर फर्किएका छन्।

भौतिक दुरी कायम गरी कोरोना भाइरसको संक्रमणबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।
–: जनहितका लागि :–
हरेक खबर, विशेष खबर जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७ राष्ट्रिय दैनिक
लहानपोस्ट् LAHANPOST DAILY

## कोरोना भाईरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

**हाल विश्वभरी फैलिरहेको कोरोना भाईरसबाट नेपाल उच्च जोखिममा रहेको विश्व स्वास्थ्य संगठनको प्रतिवेदन अनुसार कोरोना भाईरसबाट भइरहेको र हुन सक्ने सम्भावित जोखिमबाट बच्न कुनै किसिमको ठुलो सभा, जुलुश, मेला आदि नगर्न नगराउनको लागि अनुरोध छ ।**

**कोरोना भाईरसबाट बच्ने उपायहरु :**

**क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) कम पाकेको माछ्रा, मासु नखाउँ । ङ) दही, दुध, घ्यु, पनिर आदिको सेवन गरौं । च) कुहिएको खाने कुरा नखाउँ । छ) खानेकुरा धोई पखाली राम्रोसँग पकाएर खाउँ । ज) एक आपसमा अभिवाद गर्दा नमस्ते गर्दा हात नमिलाउँ । झ) एक आपसमा शारिरिक दुरी कायम राखौं । ञ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । ट) रोग संक्रमण लागेको शंका लागेमा स्वास्थ्य तथा रोग नियन्त्रण कार्यालयको कल सेन्टरमा नं.१३३९ मा जानकारी दिनु तथा चिकित्सक सित सम्पर्क गरौ । ठ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं ।**

**सखुवानन्कारकट्टि गाउँपालिका कार्यालय, सिरहा**

## कोरोना भाईरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

**हाल विश्वभरी फैलिरहेको कोरोना भाईरसबाट नेपाल उच्च जोखिममा रहेको विश्व स्वास्थ्य संगठनको प्रतिवेदन अनुसार कोरोना भाईरसबाट भइरहेको र हुन सक्ने सम्भावित जोखिमबाट बच्न कुनै किसिमको ठुलो सभा, जुलुश, मेला आदि नगर्न नगराउनको लागि अनुरोध छ ।**

**कोरोना भाईरसबाट बच्ने उपायहरु :**

**क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं ।ग) साबुन पानीले नियमित हात धोउँ । घ) कम पाकेको माछ्रा, मासु नखाउँ । ङ) दही, दुध, घ्यु, पनिर आदिको सेवन गरौं । च) कुहिएको खाने कुरा नखाउँ । छ) खानेकुरा धोई पखाली राम्रोसँग पकाएर खाउँ । ज) एक आपसमा अभिवाद गर्दा नमस्ते गर्दा हात नमिलाउँ । झ) एक आपसमा शारिरिक दुरी कायम राखौं । ञ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । ट) रोग संक्रमण लागेको शंका लागेमा स्वास्थ्य तथा रोग नियन्त्रण कार्यालयको कल सेन्टरमा नं.१३३९ मा जानकारी दिनु तथा चिकित्सक सित सम्पर्क गरौं । ठ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं ।**

**औरही गाउँपालिका कार्यालय, सिरहा**

लहानपोस्ट् दैनिकका लागि प्रकाशक : भरत जर्घामगर, सम्पादक : शम्भु कुमार यादव, कानुनी सल्लाहकार : सन्तोष सुवेदी कम्प्यूटर ले–आउट : महेन्द्र प्रसाद चौधरी
कार्यालय :लहान नगरपालिका–१०, सिरहा फोन नं. ०३३५६१९६७, ९८५२८२४९६७, ९८५२८३९३१५ website : www.lahanpost.com , e-mail : lahanpost@gmail.com मुद्रक : न्यू यदुवंशी अफसेट प्रेस, लहान,(सिरहा)